सूचना

श्रम ऐन, २०७४ को पालना गरौं, श्रमिक, श्रमिक आपूर्तिकर्ता र रोजगारदाता सजग बनौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना विभाग

राष्ट्रिय दैनिक

प्रतिदिन

PRATIDIN NATIONAL DAILY

तिहारमा आगलागी

पृष्ठ ४ मा

वर्ष-१२ ।। अङ्क : १९७ ।। २०७७ मंसिर ०३ गते बुधबार (18th Oct. 2020, Wednesday) Pratidin National Daily मूल्य-रु.५/-

एक करोड ठगी गरी महिला फरार

झापा (प्रस) । बिर्तामोड नगरपालिका वडा नं. ३ शान्तिटोलका सबै महिलाहरुले एकजना महिलालाई यतिखेर घुइघुइती खोजी गरिरहेका छन् ।

उनीहरुले एक करोडभन्दा बढी रकम ठगेर फरार भएकी ती महिलाको खोजी गरिरहेका हुन् । टोल बस्तीभरिका दर्जनौं महिलाहरुलाई ठगेर रातारात फरार भएकी ती महिलालाई खोजी गरी रकम असुल गरिदिन प्रहरी चौकी बिर्ताबजार , इलाका प्रहरी कार्यालय बिर्तामोड , जिल्ला प्रहरी कार्यालयदेखि बिर्तामोडको ३ नं वडा कार्यालय , बिर्तामोड नगरपालिकासम्म उनीहरु गुहार लगाउन पुगेका छन् । सामाजिक संजालमा पनि उनीहरुले घटना सार्वजनिक गरेका छन् । तर, अहिलेसम्म ती महिला भेटिएकी छैनन् । यसरी करोडभन्दा बढी रकम ठगी गरी फरार हुने ३८ वर्षिया चन्द्रकला वाग्ले अधिकारी हुन् । उनले टोलभरिका महिलाहरुलाई ठगेकी हुन् । खासगरी श्रीमान्हरु विदेश गएका महिलाहरुलाई चन्द्रकलाले ठगेको पाइएको छ ।

आफ्नो घरजग्गा बिक्री गरी उनी गत असोज २८ गते राति सपरिवारसहित फरार भएकी हुन् । पाँचथर हिलिहाङ गाउँपालिकाको भालु चोक माइत भएकी चन्द्रकला २०६३ सालमा भवानी अधिकारीसँग विहे गरेपछि बिर्तामोड ३ को शान्ति टोलमा बस्दै आएकी थिइन् । कोहीसँग सापटी , कोहीसँग व्याजमा गरी उनले धेरैजनासँग रकम लिएकी थिइन् । त्यस्तै सुनको गहना लगाउन मागेकी चन्द्रकलाले कतिपयको गहना फिर्ता दिएकी छैनन् भने कतिपयको धितो राखेकी छन् । परिवारका सदस्यहरुलाई थाहा नदिनु भन्दै गोप्य रुपमा महिलाहरुबाट रकम लिएकी उनले महिला समूहको रकमसमेत लिएर फरार भएको पीडित इन्दिरा तिम्सिनाले बताईन् । जग्गा बेचेर दिने भन्दै आफ्नो १ लाख ७० हजार रुपैयाँ लिएकी उनले टोलका महिलाले समूह खोलेर भेला गरेको साढे ५ लाख रुपैयाँ समेत ठगेको इन्दिराले बताइन् । उनले ठगी गरेको महिलाहरुको सूची लामो छ । चन्द्रकलाले देवी राईको १४ लाख २० हजार , कुलकुमारी राईको ४ लाख ६० हजार , गोमा ढुंगानाको १ लाख २६ हजार , विमला थापाको २ लाख ५० हजार , रमा बस्नेतको १ लाख ३५ हजार , राममाया तामाङको १ लाख ७० हजार , सबिना बस्नेतको २ लाख , विष्णु प्रसाईको ८ लाख र साढे ५ तोला सुन , मन्जु खड्काको सुन, सुकमाया राईको १ लाख , रन्जना मगरको १ लाख ७० हजार , मन्जु पौडेल घिमिरेको २ लाख ४० हजार , रनमायाको १ तोला सुन ,इन्दिरा तिम्सिनाको १ लाख ७० हजारलगायत रहेको छ । ठगिने सबै महिला हुन् ।

त्यसबाहेक उनले अझै धेरैजनालाई ठगी गरेकी छन् । बिर्तामोड ३ शान्ति टोलमा उनको ९ धुर जग्गा र ठीनको छानो भएको घर रहेको थियो । सोही घरजग्गा देखाउँदै उनले धेरैजनालाई ठगेको पीडितहरुले बताएका छन् । एउटै जग्गा धेरैजनासँग बैना गरेर ठगेको पनि पाइएको छ । उनले मीना सिटौलासँग पनि २० लाख रुपैयाँ लिएकी थिइन् । तर, सो रकम जग्गा बेचेर उनले मिलाएको जनाइएको छ । जग्गा सुटुक्क बेचेर उनी पर्सीपल्ट राति फरार भएको स्थानीय जानुका थापा मगरले बताईन् । चन्द्रकलाले ठगी गरेको विषयमा महिलाहरुले आफूकहाँ उजुरी दिएको इलाका प्रहरी कार्यालय बिर्तामोडका प्रहरी नायव उपरीक्षक मुकुन्द रिजालले बताए । उनले ती महिलाको खोजी भइरहेको जानकारी दिए ।

फेरि अर्जुनधाराका कोरोना संक्रमितको मृत्यु

झापा (प्रस) । झापाको अर्जुनधारामा मंगलबार फेरि एकजना कोरोना संक्रमितको मृत्यु भएको छ । मृत्यु हुनेमा अर्जुनधारा ७ निवासी ७० वर्षिय रामबहादुर श्रेष्ठ रहेका छन् । बिर्तामोडको बिएण्डसी हस्पिटलमा उपचारका क्रममा मंगलबार बिहान ८.४५ बजे उनको मृत्यु भएको हो । दुई दिनअघि भर्ना गरिएका ती बृद्धलाई सोमबार संक्रमण पुष्टि भएको थियो । उनको शवलाई नेपाली सेनाद्वारा अन्त्येष्टि गरेको नगरपालिकाका स्वास्थ्य शाखामा मुकुन्द बस्नेतले बताए । सोमबार मात्र धरानको विपी कोईराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा अर्जुनधारा ६ का ७८ वर्षिय इश्वरीप्रसाद ओलीको कोरोना संक्रमणबाट मृत्यु भएको थियो । योसँगै कोरोना संक्रमणबाट मृत्यु हुनेको सँख्या अर्जुनधारामा ६ र झापामा ८४ पुगेको छ । यस वर्षको तिहारमा कोरोना संक्रमितको लगातार मृत्यु भएको छ । तिहारको ४ दिनको अवधिमा ९ जनाको मृत्यु भएको तथ्यांकले देखाएको छ ।

त्यसैगरी झापामा पछिल्लो २४ घण्टाभित्र १४ जनामा कोरोना संक्रमण पुष्टि भएको छ । संक्रमण हुनेमा ५ महिला र ९ जना पुरुष रहेका छन् ।संक्रमितहरु मेचीनगर, गौरादह र दमक नगरपालिकाका छन् ।

जिल्ला स्वास्थ्य कार्यालय झापाका अनुसार दमकका सबैभन्दा बढी ८ जना संक्रमित छन् । २ महिला र ६ पुरुषमा संक्रमण पुष्टि भएको हो ।यस्तै, गौरादह नगरपालिकामा ३ महिला र २ पुरुषमा संक्रमण पुष्टि भएको छ । यसैगरी, मेचीनगरमा १ जना पुरुषमा संक्रमण भएको जिल्ला स्वास्थ्य कार्यालय झापाले जनाएको छ । योसँगै झापामा कुल संक्रमितको संख्या ३ हजार ६४ पुगेको छ भने कोरोना जितेर घर फर्किनेको संख्या १ हजार ८५१ रहेको छ । हाल १ हजार १३० जना सक्रिय संक्रमित भइ आइसोलेसनमा उपचाररत रहेका छन् ।

विरोधका बावजुद हुकाहुकी स्तम्भको शिलान्यास

भद्रपुर (प्रस) । कचनकवलको बनियानीको मुख्य चोकलाई आदिबासीहरुले हुकाहुकी चोक नामाकरण गरेरै छोडेका छन् । केही व्यक्तिले हुकाहुकी चोक नामाकरणलाई लिएर विरोध गरिरहेका बेला त्यही ठाउँमा हुकाहुकी चोकको नामाकरणसहित हुकाहुकी स्तम्भको शिलान्यास गरिएको हो । करिव ९ महिनाअघि स्थानीय आदिबासी समुदायले बनियानी चोकलाई हुकाहुकी चोक नामाकरण गर्दै त्यहाँ साइनबोर्ड राखेका थिए । तर, त्यसको विरोध गर्दै केही गैर आदिबासीहरुले छेउमै बनियानी चोक भनेर अर्को बोर्ड राखेका थिए । जसबाट विवाद उत्पन्न भएको थियो । आदिवासी जनजाति मंचको संयोजकत्वमा बृहत् मोटरसाइकल र्याली गरी बिधिवत रूपमा हुकाहुकी स्तम्भको शिलान्यास गरिएको हो ।

कचनकवल गाउँपालिकाका अध्यक्ष कर्णबहादुर राजबंशीको अध्यक्षतामा भएको कार्यक्रममा प्रमुख अतिथि नेपाल आदिवासी जनजाति महासंघ केन्द्रिय महासचिव नित्यानन्द ताजपुरिया रहेका थिए । कार्यक्रममा बहुल राष्ट्रिय मोर्चा संयोजक तथा संघीय लिम्बुवान पार्टी अध्यक्ष सन्जुहाङ पालुङ्वा, कचनकवल गाउँपालिका उपाध्यक्ष निमसरी राजबंशी, नेकपा प्रदेश कमिटी सदस्य तथा झापा क्षेत्र नम्बर ३ इन्चार्ज पुष्प पोखरेल, नेकपा प्रदेश कमिटी सदस्य तथा झापा क्षेत्र नम्बर ३ सह–इन्चार्ज डिल्ली घिमिरे(हिक्मत), कोचिला एकता मोर्चा संयोजक दिनेशचन्द्र राजबंशी, कोच समुदायका अगुवा तुलाराम राजबंशी, गनगाइ कल्याण परिषदका बरिष्ठ उपाध्यक्ष सन्तोषकुमार गणेश , कोचिला गाभुर फ्रन्ट अध्यक्ष अभय राजबंशी, राजबंशी समाज विकास समिति कचनकवल अध्यक्ष रतनलाल राजवंशी , सचिव कनकप्रसाद राजबंशीलगायतको उपस्थितिमा हुकाहुकी स्तम्भको शिलान्यास गरिएको हो ।

कार्यक्रममा नेपाल आदिवासी जनजाति महासंघ केन्द्रिय महासचिव ताजपुरिया, बहुल राष्ट्रिय मोर्चा संयोजक तथा लिम्बुवान पार्टी अध्यक्ष पालुङ्गवा, नेकपाका डिल्ली घिमिरे (हिक्मत), गनगाई कल्याण परिषदका सन्तोषकुमार गणेश,मनोरथ राजबंशी, मोतिलाल राजबंशी, फुलचन्द्र गणेशलगायतले मन्तब्य राखेका थिए ।

अबको बहसः प्रदेश १ को नामाकरण

झापा (प्रस) । एक नम्बर प्रदेशसभाको अबको सातौं हिउँदे अधिवेशनमा प्रदेश नामाकरणको बहस चुलिने भएको छ । दुई वर्षअघि प्रदेशको राजधानी टुंगो लगाएको प्रदेश १ सरकारले आन्तरिक सहमति नजुटेका कारण नामांकनको विषय भने थाती राखेको छ । गत असारको छैठौं वर्खे अधिबेशनलाई बजेटमा सीमित राखेको प्रदेश १ सरकारले अबको सातौं हिउँदे अधिबेशनमा प्रदेश नामाकरणको विषय नटुंग्याई धर छैन । सरकारले प्रदेश सभाको अबको अधिवेशनबाट नामाकरणको बिषय टुग्याउने बताउँदै आएको छ । मुख्यमन्त्री शेरधन राई यही अधिवेशनबाट प्रदेशको नाम टुंगो लाग्ने बताउँदै आएका छन् । नामांकनका लागि मुख्यमन्त्री राईले अनौपचारिक छलफल र परामर्श जारी राखेका छन् । सातमध्ये ३, ४, ५ ,६ र ७ नम्बर प्रदेशले भूगोलको आधारमा नामको टुंगो लगाइसकेका छन् । पछिल्लो समय प्रदेश ५ ले भूगोलका आधारमा नाम टुंगो लगाएको हो । ५ लाई लुम्बिनी प्रदेश राखिएको छ । त्यस्तै ३ लाई बागमती , ४ लाई गण्डकी , ६ लाई कर्णाली र ७ लाई सुदूरपश्चिम राखिसकिएको छ । त्यही भएर अबको नामाकरणको पालो १ नं प्रदेशको हो । जसको कसरत यही हिउँदे अधिबेशनमा हुनेछ । गत पाँचौ हिउँदे अधिबेशनमा नामाकरणको विषयलाई थाती राखियो । वर्खे अधिबेशनमा बजेटका कारण त्यो विषय उठ्न पाएन । त्यही भएर अबको बहसको विषय भनेको नामांकन नै हुनेछ । अर्को कुरा मुख्यमन्त्री राईले आफ्नो समुदायका लागि किरात प्रदेश राख्ने मनसाय राखिरहँदा हिउँदे अधिबेशन आउनु दुई-चार महिना अघि नै यसको बहस चुलिएको छ भूगोलको आधारमा नाम राख्ने कि पहिचानको आधारमा ।

मुख्यमन्त्री राई आफैले किरात प्रदेशको लबिङ गरिरहँदा लिम्बु र कोचहरु पनि जुर्मुराएका छन् । पहिचानयुक्त नाम राख्ने भए किरातसँगै लिम्बुवान र कोचिला पनि हुनु पर्छ भन्ने माग उठ्न थालिसकेको छ । जातीय पहिचानको मुद्धालाई पनि कायम राख्दै प्रदेश १ मा पहिचान जोडिने गरी नामाकरण गर्ने गृहकार्य भइरहेको छ । खासगरी किरात राई , लिम्बु र कोचहरुले आ-आफ्नो पहिचानलाई कायम गर्ने गरी नामाकरण गर्नु पर्ने माग गरिरहेका बेला एउटै समुदायको नाम राख्न खोज्दा ठूलै विवाद आउन सक्ने आशंका गरिएको छ । महत्वपूर्ण कुरा मुख्यमन्त्री राईलाई हेडक्वाटरको आशिर्वाद नमिली उनले त्यो कदापि गर्नै सक्दैनन् । हेडक्वाटरको आशिर्वाद र प्रदेशको माहौल दुवै नमिलेसम्म मुख्यमन्त्री राईको 'षडयन्त्र' पूरा हुने देखिदैन । अर्को तर्फ भूगोलका आधारमा प्रदेशको नाम 'कोशी', 'सगरमाथा' वा 'कोशी सगरमाथा' राख्ने विषयमा छलफल जारी छ ।

तर पहिचानलाई प्रदेशको नाममा नजोडे स्वीकार नगर्ने पहिचानवादी संगठनहरुले चेतावनी दिदै आएका छन् । नेकपा नेताहरु प्रदेश नामांकनका लागि केन्द्रबाट निर्देशन आएको बताउँछन् । 'पार्टी केन्द्रको निर्देशन विवादरहित भूगोलका आधारमा राख्नुपर्छ भन्ने छ,' नेकपाका एक केन्द्रीय सदस्यले भने, 'पहिचानका आधारमा नामांकन गरे अन्यन्त्र विवाद उठ्न सक्छ ।'

नेकपाले प्रदेश १ को स्थायी राजधानी र नाम एकै पटक टुंगो लगाउने प्रयास गरेको थियो । तर नेकपाकै सांसदले भूगोलसँग पहिचान जोड्नुपर्ने अडान राखेपछि स्थायी राजधानी मात्र घोषणा गरिएको थियो ।

सत्तारुढ नेपाल कम्युनिष्ट पार्टीका निकट लिम्बुवान राष्ट्रिय मोर्चा, किरात

भाइटीकाको दिन ज्योतिले गरिन् आत्महत्या

हल्दिबारी (प्रस) । दाजु कोरियामा भएकाले भाइटीका लगाउने कार्यक्रम थिएन । ढडुवामा बडीआमाको छोरीकोमा रमाइलो गर्ने कार्यक्रम राखिएको थियो । सबैजनाले ज्योति सुवेदीको बाटो हेरिरहेका थिए । तर, उनी काकाको घरमा झुन्डिएको अबस्थामा फेला परिन् ।

हल्दिबारी ५ की ज्योति सुवेदीले भाइटीकाको दिन झुन्डिएर आत्महत्या गरेपछि हल्दिबारी शोकाकुल बनेको छ । त्यस अकल्पनीय घटनाले सबैजना अचम्भित भएका छन् । काकाको खाली घरमा झुन्डिएको अबस्थामा उनको लाश हिजो दिउँसो ३ बजेतिर फेला परेको थियो । कक्षा १२ मा पढ्ने ज्योतिले आत्महत्या गर्नुको कारण पत्ता लागिसकेको छैन । 'अहिलेसम्म कुनै कारण पत्ता लागिसकेको छैन ' ज्योतिका बडाबुबा भानु सुवेदीले भने, ' सबैलाई

अचम्भित पारेर छोडेर गईन् ।' घरबाट उनलाई स्कुटी किनिदिएका थिए । उनका दिदीका छोराले स्कुटी कुदाउँदा लडाएर सामान्य फुटाइदिएका थिए । त्यही डरले उनले झुन्डिएर आत्महत्या गरेको हुनसक्ने बडाबुबा भानुले बताए । भाइटीकाको दिन आफ्नी बहिनीले आत्महत्या गरेपछि कोरियामा रहेका उनका दाजु लोकेन्द्र सुवेदी अत्यन्त दुखी बनेका छन् । भाइटीकाको दिन बहिनी गुमाउँदा उनले अत्यन्त पीडा महसुस गरेका छन् । लोकेन्द्रले सामाजिक संजालमा यसरी दुख ब्यक्त गरेका छन् ' चेलीले माइतीलाई यमराजले समेत नलगोस् भनेर छेकेर राख्ने दिनमा त आफै यमराजको शरणमा गइस् हरेक नेपाली दाजुभाइको निधारमा सप्तरङ्गी टीका सजिएको बेलामा मैले सोचिरहेको थिएँ केवल ५–६ बर्ष त हो त्यहि पनि म आफ्नो इच्छाले भन्दा पनि परिबारको खुशी र बाध्यताले परदेसिएको मेरो निधार जिन्दगीभर खाली बनाएर गइस् मसँग आज कुनै शब्द छैन तलाई अर्पण गर्ने, तेरो आत्माले शान्ति पाओस् हार्दिक श्रद्धाञ्जली ।' ज्योतिको शवलाई सोमबार नै पोष्टमार्टमका लागि मेची अस्पताल भद्रपुर लगिएको छ । मंगलबार पोष्टमार्टम गरी उनको अन्त्येष्टि गरिएको परिवारले जनाएको छ ।

❖बाँकी अन्तिम पृष्ठमा

माता पाथिभरा फर्निचर

बिर्तामोड-१, चारपाने
सो-रुमः कनकाई-१, दुर्गापुर

प्रो. देवी दंगाल ☎ 9841351368, 9806035571

श्री पिस दराज
बक्स पलङ
टु पिस दराज
सोफा सेटहरु

लगायत घरायसी सजावटका सम्पुर्ण फर्निचरका सामानहरु ग्यारेन्टीका साथ बिक्रि गरिन्छ ।

नाप नक्साको आधारमा सिफारिस गरेको हुँ– वडाध्यक्ष पाण्डे

बिर्तामोड (प्रस) । बिर्तामोड १ मा रहेको कित्ता नम्बर ५४७ लाई ६२२ बनाएर जग्गा हडप्न खोज्ने कार्यमा आफ्नो संलग्नता नरहेको वडाध्यक्ष अग्निप्रसाद पाण्डेले बताएका छन् ।

त्यस कार्यमा उनको समेत नाम मुछिएपछि वडाध्यक्ष पाण्डेले एक प्रेस विज्ञप्ति जारी गरी वडाले गरेको सिफारिसलाई लिएर केही व्यक्तिहरुले आरोप लगाएजस्तो अवस्था नरहेको र वडाले नापी शाखाको नाप नक्साको आधारमा सिफारिस गरेको उल्लेख गरेका छन् । उनले सो कित्ताका निवेदकको मागदाबी, जग्गाको नक्सा र अरु आवश्यक प्रमाणका आधारमा नै सिफारिस गरिएको दावी गरेका छन् ।

' जग्गा बिक्रीका लागि सिफारिस गर्दा आजसम्म कतै पनि फिल्डमा गएर हेर्ने प्रचलन थिएन र छैन पनि ' उनले भनेका छन् ,' यति कुरा बुझेर पनि यस सम्बन्धमा मलाई जोडेर अनर्गल प्रचारबाजी गराइएको र विशुद्ध राजनीतिक क्षेत्रमा रहेको मानिसलाई भूमाफियाजस्तो शब्द प्रयोग गरिएकोमा घोर आपत्ति प्रकट गर्दछु ।' यस विषयलाई लिएर बिर्तामोड नगरपालिका प्रमुख ध्रुवकुमार शिवाकोटीले नगरपालिकाको तर्फबाट नापी शाखामा सो नक्साको कित्ता फेरबदल गर्ने कर्मचारीलाई कारबाही गर्न पत्र पठाएको र पुराना प्रमाणित नक्सालाई सामेल गरी ५४७ कित्ता नम्बर कायम गर्न सिफारिस गरिएको वडाध्यक्षले जनाएका छन् ।

यसैबीच बिर्तामोड-१ मा रहेको कित्ता नम्वर ५४७ लाई कित्ता नम्वर ६२२ राखेर जग्गा हडप्ने कार्यमा वडाध्यक्ष पाण्डेको समेत संलग्नता देखिएको भन्दै नेपाल विद्यार्थी संघले दोषीमाथि कार्वाहीको माग गरेको छ ।

नेविसंघले बिर्तामोड १ मा ९ करोड बराबरको जग्गा किर्तेसम्बन्धी घटनामा १ नं वडाका वडाध्यक्ष पाण्डे समेतको संलग्नताको कुरा उठेकाले त्यस बिषयमा सर्वदलीय समिति बनाइ छानबिन गर्न र दोषीमाथि कडा कारबाही गर्न माग गरेको हो । बिर्तामोड नगरपालिकाका नगर प्रमुख शिवाकोटी र उप प्रमुख पवित्रा महतारा प्रसाईलाई ज्ञापनपत्र बुझाउँदै नेविसंघको बिर्तामोड नगर समितिले सो माग गरेको हो । नेविसंघले कोरोना संक्रमण बिर्तामोडमा तीब्ररुपमा बढिरहेकोतर्फ ध्यानाकर्षण गराउँदै निशुल्क पिसिआर परीक्षण गर्न माग समेत गरेको छ । बिर्तामोड-१मा रहेको कित्ता नम्वर ५४७ कित्ता नम्वर ६२२ राखेर जग्गा हडप्ने प्रयास भएको थियो । नापी कार्यालयले २०७७ साल साउन र असोज महिनामा एउटै जग्गाको फरक-फरक नक्सा दिएको खुलेको छ । वास्तविक जग्गाधनीलाई थाह नै नदिई भू-माफियाको टोलीले किर्ते कागजात खडा गरेर कतिपय बैंकबाट समेत ऋण लिएको खुल्न आएको छ । भगवती आवासीय प्रालिसँग जग्गा खरिद गरेका भविन्द्र निरौलाले किता नम्बर ५४७ बाटै आफूहरुले जग्गा खरिद गरे पनि अहिले कित्ता नम्वर नै परिवर्तन गरेर भू-माफियाको टोलीले आफूहरुलाई उठिवास लगाउन खोजेको आरोप लगाए । उनले उक्त कार्यमा बिर्तामोड-१का वडाध्यक्ष पाण्डेको संलग्नता रहेको दावी समेत गरेका छन् । त्यस्तै जग्गाधनी युवराज प्रसाईले आफूले कित्ता नम्वर ५४७ अन्तर्गतको जग्गा विभिन्न व्यक्तिलाई विक्री गरेर कतिपयले घर समेत बनाइसकेको अवस्थामा बिर्तामोड-१ का वडाध्यक्ष पाण्डेले उक्त स्थानमा घर नै नभएको भन्दै खाली जग्गा भनेर ६२२ कित्ता नम्वरका लागि सिफारिस दिनुले उनको समेत मिलेमतो भएको दावी गरेका छन् ।

अबको ...

राष्ट्रिय मुक्ति मोर्चा, कुमार लिङ्देन नेतृत्वको संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च, समाजवादी पार्टीसहितका २१ पहिचानवादी संगठनहरुले प्रदेशको नाम 'लिम्बुवान-किरात' राख्न माग गर्दै आन्दोलन जारी राखेका छन् । उनीहरुले प्रदेशको नाम 'लिम्बुवान-किराँत' राख्न माग गर्दै मुख्यमन्त्री शेरधन राई र सभामुख प्रदीपकुमार भण्डारीलाई ज्ञापनपत्र समेत बुझाइसकेका छन् । यता पूर्व माओवादीनिकट कोचिला राष्ट्रिय मुक्ति मोर्चाले भित्रभित्रै कोचिलाको आन्दोलनलाई सल्काउँदै प्रदेशको नामाकरणमा कोच समावेश गर्नै पर्ने माग राख्न खोजेको छ ।उसले कोच प्रदेश नामाकरणको लागि आधारसहितको अवधारणा पत्र मुख्यमन्त्री राईलाई बुझाउने तयारी गरेको छ । विगतमा पूर्वमाओवादीले किरात, लिम्बुवान र कोचिला प्रदेश भन्ने गरिएको भूभाग अहिले सिंगै प्रदेश १ मा छ । त्यसैले पूर्वमाओवादी सभासद अहिले पनि नामाकरण गर्दा पहिचानलाई आधार मान्नुपर्छ भन्ने पक्षमा छन् । जातीय पहिचानको आधारमा नामाकरण गरिनुपर्ने माग सशक्त बन्दै गएको परिस्थितिमा सत्तारुढ नेकपा बहुपहिचानको आधारमा सहमति खोज्ने प्रयास भइरहेको नेकपाका नेताहरुको भनाइ छ । यसैबीच एक्लाएक्लै र एकअर्काको विपरित भएर जातीय आन्दोलन गर्दा पार नलागेपछि अन्ततः लिम्बुवान र कोचिला एक भएका छन् । पूर्वी नेपालमा आ-आफ्नो जातीय प्रान्तको लागि लागि लडेर थाकेका लिम्बुवान र कोचिलाले अब मोर्चा बनाएर आन्दोलन गर्ने भएका हुन् । तीन वर्ष लामो छलफलपछि संघीय लिम्बुवान पार्टी र कोचिला एकता मोर्चाले बहुलराष्ट्रिय मोर्चा निर्माण गरेका हुन् । बिर्तामोडमा एक कार्यक्रम गरी पहिलो पटक त्यस मोर्चालाई सार्वजनिक गरिएको हो । दुईतिहाईको कम्युनिष्ट सरकारले देशमा परिवर्तनको आभास दिन नसकेपछि लामो छलफल गरेर अन्ततः आदिवासीहरुको एउटा मोर्चा बनाउने निश्कर्ष निकाल्दै बहुलराष्ट्रिय मोर्चा गठन गरिएको संघीय लिम्बुवान पार्टीका अध्यक्ष सन्जुहाङ पालुङवाले बताए । अबको विकल्प पार्टी र नेता हुन नसक्ने भन्दै उनले अबको विकल्प विचार हुने बताए ।' आदिबासीवादको रुपमा मोर्चालाई अगाडि ल्याएका छौं' उनले भने । मोर्चाले १३ बुँदे अबधारणा पत्र सार्वजनिक गरेको छ । प्रधानमन्त्री केपी शर्मा ओली र नेकपा अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले यसअघि सार्वजनिक कार्यक्रममै प्रदेशको नाम सभ्यताको आधारमा हुने मत जाहेर गरेका छन् । यस अभिव्यक्तिको आधारमा कतिपयले ओली र प्रचण्ड दुवै प्रदेश १ को नाम 'कोशी' राख्ने पक्षमा रहेको भनेर अर्थ्याएका छन् ।

एक नम्बर प्रदेशसभामा सत्ताधारी दल नेकपाका ६७, कांग्रेसका २१ संघीय समाजवादीका ३ तथा राप्रपा र लोकतान्त्रिक मञ्चको एक-एक जना सांसद छन् । संविधानमा व्यवस्था भएअनुसार प्रदेशसभाको दुई तिहाइ बहुमतले नाम र राजधानी तोक्नुपर्छ । नामांकनबारे बाहिर तीव्र बहस भए पनि संसदमा भने बहस शुरु भएको छैन । प्रदेश गठन भएको लामो समय बितिसक्दा पनि नाम टुङ्गो लगाउन नसकेकोमा सर्वसाधारणले प्रदेशसभा तथा प्रदेश सरकारको आलोचना गर्दै आएका छन् । विभिन्न जातिको मिश्रित बसोबास रहेको एक नम्बर प्रदेशमा सर्वस्वीकार्य नाम राख्न बहस र पैरवीको आवश्यकता रहेको विज्ञहरूको भनाइ छ । स्थायी राजधानी तोकिएको जस्तो प्रदेशको नामाकरण गर्न सहज नभएको विज्ञहरूले जनाएका छन् ।

प्रदेशसभाको तेस्रो अधिवेशनले २०७५ वैशाख २३ गते प्रदेशको राजधानी विराटनगरलाई कायम गरेको थियो । २०७४ फागुन ३ गते गठन भएको प्रदेश सरकारले हालसम्म विभिन्न कानून निर्माण गरिसकेको छ ।

तिहारमा आगलागी, एकको मृत्यु लाखौंको क्षति

झापा (प्रस) । तिहारका बेला झापामा भएका विभिन्न आगलागीका घटनाबाट एक वालिकाको मृत्यु हुनुका साथै लाखौंको धनमाल क्षति भएको छ । जिल्लाको कमल गाउँपालिका , दमक नगरपालिका , अर्जुनधारा नगरपालिकलगायतका स्थानमा आगलागी भएका थिए । तिहार मनाउने क्रममा कतिपय घटना भएका छन् ।

मैनवत्तीले घरमा आगलागी हुँदा बालिकाको मृत्यु

कमल गाउँपालिका २ थापा गाउँमा आइतबार राति आगलागी हुँदा जलेर एक बालिकाको मृत्यु भएको छ । कमल गाउँपालिका २ का ध्रुव परियारको घरमा राति आगलागी हुँदा उनकी ७ बर्षीया छोरी रेजुका परियारको जलेर मृत्यु भएको हो ।बुवाआमा घर बाहिर रहेको र छोरी रेजुका मात्रै भित्र सुतिरहेको अवस्थामा मैनवत्तीबाट सो आगो लागेको जनाइएको छ । आगो दन्किएपछि उनलाई घरबाट निकाल्न नसकेको र घटनास्थलमै मृत्यु भएको हो । आगलागी राति ९ बजेतिर सुरु भएको अनुमान गरिएको छ । आगलागीबाट परियारको इटाको गारो र टीनको छानो भएको घर पूर्णरुपमा जलेर नष्ट हुँदा करिव १५ लाखबराबरको क्षति भएको छ । आगो निभाउने क्रममा ग्यास पड्कएर स्थानीय २२ वर्षिय राम टुडु घाइते भएका थिए । उपचारपछि उनी निको भएको इलाका प्रहरी कार्यालय दमकका प्रहरी नायव उपरीक्षक विजयराज पण्डितले बताए । आफूहरुलाई राति ९.१५ बजेतिर खबर आएको बताउँदै उनले स्थानीय बासिन्दा र दमकलको सहयोगमा आगलागी नियन्त्रणमा लिइएको जानकारी दिए ।

दमक अस्पतालमा आगलागी, एक करोडको क्षति

विद्युत सर्ट भई झापाको दमक १ मा रहेको दमक अस्पतालमा शनिबार दिउँसो आगलागी हुँदा एक करोड बराबरको क्षति भएको छ ।

दमक अस्पताल जिल्लास्तरीय सरकारी अस्पताल हो । अस्पतालको औषधी भण्डारण कक्षमा अचानक विद्युत सर्ट भई आगलागी हुँदा १ करोड मूल्य बराबको क्षति हुन पुगेको अस्पतालले जनाएको छ । २ बजेदेखि लागेको आगलागीवाट अस्पतालका लागि चाहिने औषधीहरु पूर्ण रुपमा नष्ट भएको अस्पतालका निमित्त सुपरिटेन्डेन्ट डा. खड्ग लिम्बुले बताए । क्षतिको विवरण संकलन भईरहेको उनले बताए ।

दमक नगरपालिकाका दुईवटा दमकल, अस्पतालका कर्मचारी,प्रहरी तथा स्थानीयहरुको सहयोगवाट करिब आधा घण्टापछि आगो पूर्णरुपमा नियन्त्रणमा लिएको इलाका प्रहरी कार्यालय दमकका प्रहरी नायव उपरीक्षक विजयराज पण्डितले बताए ।

अर्जुनधारामा आगलागी , लाखौंको क्षति

अर्जुनधारामा भएको आगलागीबाट लाखौंको क्षति भएको छ ।

सोमबार बिहान अर्जुनधारा ७ नारायण चोक बस्ने तुलसी श्रेष्ठको घरमा आगलागी हुँदा ५४ लाख ६० हजार मूल्य बराबरको धनमाल जलेर नष्ट भएको अनुमान गरिएको छ । ग्यास लिक भएर विहान १० बजेतिर सो आगलागी भएको हो । आगलागीबाट श्रेष्ठको घरमा रहेको पसल र पसलभित्र रहेको नगद र जिन्सी सामान जलेको प्रहरी चौकी शनिश्चरेका प्रहरी नायव निरीक्षक सूर्य बस्नेतले बताए । आगलागी बिर्तामोडको दमकल , स्थानीयबासी र प्रहरीको सहयोगमा करिव पौने घण्टामा नियन्त्रणमा लिइएको उनले जानकारी दिए ।

बाह्रदशी र झापा गाउँपालिका तिहारपछि पनि नखुल्ने

झापा (प्रस) । कर्मचारीलाई कोरोना संक्रमण देखिएपछि बाह्रदशी र झापा गाउँपालिकाले तिहारपछि पनि कार्यालय संचालन नगर्ने भएका छन् । दुवै गाउँपालिका कार्यालयले सूचना जारी गरी मंसिर ३ गतेदेखि कार्यालय लगाउन नसक्ने जनाएका हुन् । बाह्रदशी गाउँपालिकाका एक ओभरसियरलाई कोरोना संक्रमण भएको छ । उनी हाल होम आइसोलेसनमा रहेका छन् । कोरोना भाइरसको प्रकोप अझै सामान्य नभएको भन्दै बाह्रदशी गाउँपालिका मंसिर ६ गतेसम्मका लागि बन्द रहने जनाइएको छ । गाउँपालिका अध्यक्ष खड्गप्रसाद राजवंशीले मंगलबार एक विज्ञप्ति जारी गरी मंसिर ३ र ४ गते गाउँपालिका कार्यालय , त्यस अन्तर्गतका विषयगत शाखाहरु , वडा कार्यालय , स्वास्थ्य केन्द्र र आधारभूत सेवा केन्द्रहरुको कामकाज बन्द रहने जनाएका छन् । उनले अब छठ पर्व सकिएर मंसिर ७ गतेदेखि मात्र कार्यालय नियमित रुपमा संचालन हुने बताएका छन् । त्यस्तै झापा गाउँपालिकाका १२ जना कर्मचारीहरु संक्रमित छन् ।

उनीहरु होम आइसोलेसनमा रहेकाले मंसिर ३ देखि ९ गतेसम्म कार्यालय बन्द रहने गाउँपालिका अध्यक्ष जयनारायण शाहले जनाएका छन् । उनले विषम परिस्थितिका कारण पर्न जाने असुविधाप्रति कार्यालय क्षमाप्रार्थी भएको उल्लेख गरेका छन् । झापा गाउँपालिका कार्यालय कात्तिक २७ गतेदेखि नै बन्द रहेको छ ।

बाह्रदशी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चकचकी झापा, प्रदेश नं. १, नेपाल

विज्ञप्ती

मिति : २०७७-०८-०२

यस बाह्रदशी गाउँपालिकामा कार्यरत १ जना कर्मचारीलाई कोरोनाको लक्षण देखा परि कोरोना परीक्षण गराउँदा निजलाई पुष्टि भई निज हाल होम आईसोलेसनमा बसी नियमित रूपमा चिकित्सकको सम्पर्कमा रहनु भएकोले निजको स्वास्थ्य अवस्था सामान्य रहेको जानकारी गराउँदै कारोना भाईरसको प्रकोप अझै सामान्य नभएको अवस्थामा मिति २०७७ मंसिर ३ र ४ गते यस गाउँपालिका अन्तर्गतका विषयगत शाखाहरू वडा कार्यालयहरू , स्वास्थ्य केन्द्र तथा आधारभुत सेवा केन्द्रहरूको कामकाज बन्द रहने व्यहोरा जानकारी गराउँदै मिति २०७७ मंसिर ७ गते आईतबारबाट नियमिति रूपमा कार्यालयहरू खुल्ला रहने साथै यस गाउँपालिकाबासीहरूमा सामाजिक दुरी कायम गर्दै दैनिक क्रियाकलापहरू संचालन गर्नु हुन अनुरोध छ।

-खड्ग प्रसाद राजवंशी (अध्यक्ष)

झापा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
प्रदेश नं. १, नेपाल

विषयः कार्यालय बन्द रहने बारे ।

प्रस्तुत विषयमा यस कार्यलयमा कार्यरत कर्मचारीहरूमा कोरोना भाइरस देखिएको तथा हाल कर्मचारीहरू आइसोलेशनमा बस्नु भएको हुँदा २०७७-०८-३ गते देखि मिति २०७७-०८-०९ गते सम्म कार्यालय तथा मातहतका अत्यावश्यक बाहेक सम्पूर्ण सेवाहरू बन्द गर्ने निर्णय भएको हुँदा यो सूचना प्रकाशित गरिएको छ । हालको विषम परिस्थितिका कारण सम्पूर्ण गाउँबासी आमा-बुबा , दाजुभाई तथा दिदि बहिनि लगायत गाउँपालिका बासीमा पर्न गएको असुविधा प्रति कार्यालय क्षमाप्रार्थी छ । आउदै गरेको छठपर्व लाई समेत ध्यानमा राखी सामाजिक दुरी कायम गरि आ-आफ्नो घरमा नै मनाउनु हुन अनुरोध गर्दछु।
छठ पर्वको शुभकामना।

-जय नारायण शाह (अध्यक्ष)

बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड , झापा

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)

भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

पुर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाई गरिन्छ ।

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस ।

पूर्ण टुङ्ग बिर्ता सीटी अस्पताल बिर्तामोडमा शारीरिक उपचार अर्थात् फिजियोथेरापी सेवा सुरु

औषधीको प्रयोग नगरी उपचार

बिना औषधि, बिना सुई, बिना चिरफार, हाड जोर्नीको दुखाई, हड्डी खिएको, हातखुट्टा नचल्ने, झमझमाउने, मुख बाङ्गिएको, मस्तिष्कघात भई प्यारालाइसिस भएको, घाँटी अथवा ढाडको नसा चेपिई दुख्ने, झमझमाउने, अप्रेसनपछि जोर्नीहरु जाम भएको, हातखुट्टा चलाउँदा दुख्ने तथा असजिलो भएको, मांसपेशी कमजोर भई हातगोडा लुलो हुने आदि भएमा यस बिर्ता सीटी हस्पिटलको फिजियोथेरापी विभागमा सम्पर्क गरी चाँडोभन्दा चाँडो स्वास्थ्य लाभ लिनुहोस् । वैज्ञानिक ढङ्गले मालिस गर्ने, मांसपेशीहरु सेक्ने, हातखुट्टा चलाउने, व्यायाम गर्ने गरी तपाईंको शरीरलाई पुनः यथावत् पूर्ण सञ्चालनमा ल्याउन सकिने भएकाले यसका लागि अनुभवी र पारखी विशेषज्ञको विज्ञ सेवा प्राप्त गरी तन्दुरुस्त बन्नुहोस् ।

सदैव व्यायाम गरौं, सदैव स्वस्थ रहौं ।

पूर्ण टुङ्ग बिर्ता सीटी हस्पिटल
बिर्तामोड, झापा । फोन : ०२३-५४४८५५, ९८६२६८००००

हाडजोर्नी तथा नशाका समस्याहरूको बिना अप्रेसन सफल उपचार

सफलतापूर्वक उपचार हुने समस्याहरू

ढाड, गर्धन कम्मर दुख्ने डिस्क प्रोल्याप्स, हड्डी खिइएको नशा च्यापिएको
बाथ, आर्थराइटिस, घुडा, जोर्नी दुख्ने, युरिक एसिड बढेको
शरीरका विभिन्न अङ्ग झम्झमाउने, पोल्ने, लाटो हुने
पाएल्स, पिनाश, ग्यास्टाइटिस, कब्जियत, टाउको दुख्ने, डिप्रेशन, अनिद्रा
प्यारालाइसिस, शरीरको एक अङ्ग वा दुवै अङ्ग नचल्ने, मुख बाङ्गिएको

सम्पर्क : स्पार्क पूर्वाञ्चल अस्पताल प्रा.लि.
कनकाई रोड (कनकाई कलेजसँगै) बिर्तामोड (झापा) फोन : ०२३-५४०१२३, ९८५२६७५०३३

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) फोन नं.: ०२३-५४३८२० इमेल : pratidin65@gmail .com अध्यक्ष : युवराज दाहाल । । सम्पादक : राजेन्द्र गौतम

सम्पादकीय

जोर लगाके हैसा

प्रधानमन्त्री केपी ओलीमाथि उनकै पार्टी नेकपाका ठूला नेताले संगीन आरोप लगाएका छन् । आरोप एउटा मात्र छैन , ११ वटा गंभीर आरोप उनीमाथि थोपरिएका छन्। उनले पार्टी र सरकारलाई विधिसम्मत सञ्चालनको निर्णयको अवज्ञा गरेका छन् । ओलीको राष्ट्रवाद नक्कली भएको सन्देश जनतामा गएको , महामारीबाट आक्रान्त जनतामा झन्झन् निराशा छाएको, यती होल्डिङ्सदेखि ओम्नी समूहसम्म साँठगाँठको आरोप, बजेटअघि राजस्वको दररेटसम्बन्धी सूचना चुहाएर अनियमितता गरेको, न्यायपालिकाका प्रमुखलाई राजनीतिक रूपमा प्रयोग गर्ने प्रयास गरेको, विमति राख्ने नेतालाई प्रतिशोध साँध्न राज्यशक्तिको दुरुपयोग गरेको , भ्रष्टाचारका अनेक प्रकरणमा मुछिएकालाई प्रधानमन्त्रीबाटै निर्दोष घोषणा गरेको , एमसिसीबारे प्रतिवेदनमा छलफल नगरी बजेटमा समावेश गरेको, समकक्षी नेतालाई कहिले प्रलोभन, कहिले धम्की दिएकोजस्ता आरोप उनीमाथि लागेका हुन् । अर्का अध्यक्ष प्रचण्डलगायतले ओलीलाई सच्चिन पटकपटक गरेको आग्रहलाई लत्याएपछि अब भने लिखित कारणसहित उनलाई पदबाट हटाउने योजना बुनिएको छ ।

यसअघि नेकपामा पार्टी बैठक, समूहगत छलफल र कहिलेकाहीँ सार्वजनिक कार्यक्रममै एक–अर्काबीच आरोप–प्रत्यारोप सामान्य थियो । तर, पछिल्लो विवादमा शीर्ष नेताहरूबीच आरोप–प्रत्यारोप लिखित रूपमै पेस भएका छन् । सुरुमा २२ कात्तिकमा अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डसहित सचिवालयका बहुमत सदस्य (वरिष्ठ नेताद्वय झलनाथ खनाल, माधवकुमार नेपाल, उपाध्यक्ष वामदेव गौतम र प्रवक्ता नारायणकाजी श्रेष्ठ)ले सचिवालयको बैठकको माग गर्दै प्रधानमन्त्री एवं पार्टी अध्यक्ष केपी ओलीलाई पत्र बुझाएका थिए । पार्टी र सरकार सञ्चालनका केही प्रश्नसहित आफूलाई बुझाइएको पत्रको ओलीले २५ कात्तिकमा लिखित रूपमै जवाफ दिए । ओलीले आफूमाथि निसाना लगाएर जवाफ लेखेपछि प्रचण्डले २८ कात्तिकमा फेरि ओलीलाई जवाफी पत्र लेखेका थिए ।

जसको जवाफ ओलीले दिन सक्छन् कि सक्दैनन् त्यो अबको सचिवालय बैठकमा हेर्नु पर्ने हुन्छ । नेकपाभित्रको विवाद चरम उत्कर्षमा पुगेको छ । केही दिन मत्थर देखिएको विवाद उत्कर्षमा पुगेपछि त्यसलाई साम्य पार्न कसैले पनि हिम्मत गर्न सकेका छैनन् । यद्यपि भित्रभित्रै तानाबुना बुन्ने क्रम जारी छ । जोर लगाके हैसाको यो रस्साकस्सी र खिचातानीले पार्टी र देशलाई खाल्डोमा जाकेरै छोड्ने भएको छ ।

बाटो बिराए लक्ष्यमा पुगिँदैन कमरेड

❖चन्द्रदेव जोशी

देशका सम्पूर्ण सञ्चारमाध्यम पुनः सत्तासीन कम्युनिस्ट पार्टीको अन्तरकलह र दिन-प्रतिदिनका रंगीबिरंगी नौटंकी, पारस्परिक धम्की र एकले अर्कोलाई पछार्ने रणनीतिका तानाबाना आदिका विवरणले भरिएका छन् । नेपाल कम्युनिस्ट पार्टी (नेकपा) को तीनवर्षे इतिहास त्यति सुखद छैन । निरन्तर चल्दै आएका यस्ता आन्तरिक दाउपेच, गुटबन्दी, निहित स्वार्थ र शक्तिको बाँडफाँडका लागि गरिँदै आएका लेनदेन त्यसको मूलमा छ । यसलाई नियालिरहेका कुनै पनि सामान्य व्यक्ति वा राजनीतिक कार्यकर्ताले वर्तमान भिडन्तको मकसद र सीमारेखा पार्टीलाई फुटबाट जोगाउने उद्देश्यबाट नभई ओली पक्षद्वारा प्रचण्डलाई किनारा लगाउने र माधव नेपाललाई थला पार्ने प्रयासको परिणाम हो भनी बुझ्न सक्छन् । अहिले के देखिन्छ भने ओली तथा उनको गुटका लागि झलनाथ खनाल कुनै आस वा त्रासका व्यक्ति रहेनन् । ओलीकै शब्दमा वामदेव गौतमजस्ता, 'उद्दण्ड मान्छे'लाई आफ्नो चाहनाअनुसार भविष्यमा पनि नचाउन सकिने कुरामा उनी विश्वस्त छन् । सचिवालयका सदस्यहरूको नाडी छामिसकेका ओलीलाई उनीहरूको सीमा, सामर्थ्य र कमजोरी कण्ठै छ । 'रअ' प्रमुखको रहस्यमय आगमन, ओलीसँगको मध्यरात्रिको मित्रमिलनपछि प्रधानमन्त्रीद्वारा अलग भएर हिँड्न प्रचण्डलाई दिएको चुनौती, राष्ट्रपतिको सक्रियता आदिले भोलि आफ्नो असर देखाउने नै छ । पार्टी एकता, विधि, पद्धतिको दुहाई दिइरहेका दोस्रो तहका प्रभावशाली मानिएका जमातलाई कुन वेला कुन चारो हाल्नुपर्छ भन्ने ओलीलाई राम्रैसित ज्ञात छ । अतः यस नाटकबाट आमजनता र देशका लागि कुनै सकारात्मक परिणामको आशा गर्नु वा फुटको त्रास मान्नुपर्ने अवस्था छैन ।

वेला-वेलामा चल्दै आएका यस्ता द्वन्द्वका पछाडि न त बाटो बिराई हिँडिरहेको सरकार र अराजक पार्टी संरचनामा व्यापक परिवर्तन गरी आर्थिक, सामाजिक राजनीतिक रूपान्तरणको समाजवादोन्मुख बाटो लिन कुनै योजना, कार्यक्रम र नारा रहेका थिए, न ती मुद्दा विभेद र अन्तरद्वन्द्वको मूल मुद्दा नै बनेका थिए । अहिले पनि विधान, परिपाटी, सिद्धान्त, पद्धति स्थापित गर्न भइरहेको संघर्ष हो भन्नेहरूको ऐजेन्डामा यस्ता कुनै सैद्धान्तिक वा नीतिगत मुद्दा देखिँदैनन् । त्यसकारण वर्तमान परिदृश्य पनि सत्ताभोगको अंशबन्डाका लागि होइन भन्ने कुनै आधार छैन । यद्यपि अहिलेको टकराव उपरी रूपमा वार कि पारको लडाइँ जस्तो देखिए पनि यो दूधको उमाल मात्रै हो । आपसी लेनदेन मिलेमा तथा कसैले फुक् मारेमा वा पानी छिटा छर्किनेबित्तिकै स्वतः यो उफान ओर्लिनेछ । त्यसकारण यस द्वन्द्वको जेसुकै परिणाम निस्किए पनि त्यसबाट सत्ताको चरित्रमा कुनै सारभूत जनमुखी परिवर्तन होला भनी आशा गर्ने आधार छैन ।

भ्रष्टाचारी, बिचौलिया, माफिया, कालाबाजारिया तथा विदेशी शक्तिकेन्द्रका ऐजेन्सीको मोर्चाको रूपमा रहेको वर्तमान सरकार र त्यसको नेतृत्वबाट यस्तो आशा गर्ने आधार छैन । बल्कि यस मोर्चाले देशलाई कुन दिशामा, कसको प्रभाव क्षेत्रभित्र र कसको सेवामा पुऱ्याउने हो, आमनेपालीका लागि यो नै सर्वोपरि चासो र चिन्ताको विषय हो । सोभियत संघको पतनपछिको विश्व परि स्थितिमा कम्युनिस्ट आन्दोलन, मजदुर आन्दोलन, समाजवादमाथि मात्र होइन, साम्राज्यवादविरोधी प्रत्येक प्रगतिशील आन्दोलनमाथि नै साम्राज्यवादीबाट चौतर्फी प्रहार भइरहेको छ । आमजनमानसमा यसप्रति घृणा फैलाउने प्रयास भइरहेको वर्तमान अवस्थामा प्रतिक्रियावादी शक्तिहरू, अन्तर र्राष्ट्रिय शक्तिकेन्द्र तथा माफिया सञ्जाल तथा भ्रष्टाचारीको दलदलमा आकण्ठ डुबिसकेको वर्तमान शासक वर्गले देशलाई जोगाई अग्रगमनतिर लैजाला भनी आशा गर्ने ठाउँ देखिँदैन ।साम्राज्यवादीमा देखिएको विश्व विभाजनको नयाँ प्रवृत्ति र प्रत्यक्ष शासनको साम्राज्यवादी औपनिवेशिक कालको अन्तपछि सुरु भएको नवऔपनिवेशक साम्राज्यवादी चरण, जसको मूल चरित्र नै पिछडिएका कमजोर, अल्पविकसित तथा विकाशोन्मुख देशमा राजनीतिक, आर्थिक, सामाजिक, धार्मिक, शैक्षिक, वैचारिक आदि फाँटबाट प्रवेश गरी आफ्नो आधिपत्य कायम गर्ने र ती देशलाई आर्थिक रूपमा परनिर्भर बनाई आफ्नो मातहत गर्नु रहेको छ । त्यस अवस्थामा राष्ट्रियता र सार्वभौमिकता संरक्षणका लागि साम्राज्यवादसँगका हाम्रा अन्तरविरोध र अन्तरसंघर्षलाई वर्तमान विशिष्ट चरित्र नबुझी न त कम्युनिस्टले यो संघर्षलाई दिशा दिन सक्छन्, न देशको सार्वभौमिकता र स्वाधीनताको संरक्षण गर्न सकिन्छ । यसका लागि सत्तामा पुगेको कम्युनिस्ट पार्टीले दूरदर्शिता, नीतिगत स्पष्टता, लक्ष्य र अवस्था सापेक्ष रणनीति, कार्यनीति, प्रशासनिक शुद्धीकरण, जनताका आधारभूत आवश्यताको प्राथमीकरण र तिनको परिपूर्तिको कार्यक्रम अनुसरण गर्नुपर्ने हुन्छ । तर, वर्तमान सरकारले यसमा बाटो बिराएको छ ।

अर्कोतर्फ, महामारीमाबाट आक्रान्त निरीह जनता औषधोपचारविना मृत्युवरण गर्न विवश छन् । भोकमरी र बेरोजगारीको मार खेप्न नसकी पुनः मृत्युको मुखमा विदेश पलायन हुँदै छन् । देश राज्यविहीन अवस्थामा छ । संविधान प्रदत्त मौलिक हक अपहेलित छ । महामारीपीडितलाई निःशुल्क उपचार प्रदान गर्न सर्वोच्चले दिएको परमादेश उल्ट्याउन निर्लज्ज भएर सरकार अदालत पुगेको छ । घर-घर र बाटो-बाटोमै मृत्यु भइरहेका हृदयविदारक करुण कथाबाट सञ्चार माध्यम भरिएका छन् । अस्पतालमा बेडहरू खाली छन्, तर बिरामीले ठाउँ पाएका छैनन् । भोकभोकै मरिरहेकालाई दाताले एक छाक दिँदै आएको गाँस बन्द गर भनी उर्दी फिराइएको छ र अरूले दिएको एक छाक पनि खोसिएको छ । महामारी रोकथामको औषधीमुलोमा सिन्डिकेट खडा गरी खुला लुट भइरहेको छ । औषधी उपकरणदेखि कात्रोसम्ममा खुलेआम घुसखोरी र कमिसनतन्त्र चलेको छ । यसभन्दा बढी लज्जास्पद कुरा अरू के हुन सक्छ ? संक्षेपमा भन्ने हो भने वर्तमान सत्तासीन पार्टी र सरकार कम्युनिस्ट सिद्धान्त, नैतिकता, व्यवहार र लक्ष्य, आर्थिक-सामाजिक रूपान्तरणको दिशा आदि यावत् पक्षमा मार्गच्युत भएको छ ।

यस अराजक अवस्थाबारे लेख्नेले लेख्दै छन्, भन्नेले भन्दै छन् । बाहिरबाट मात्र होइन पार्टीपंक्तिभित्रबाटै पनि यसको तिखो आलोचना भइरहेको छ । तर, सर्वांग नांगो भएको सरकारमा कुनै असर परेको छैन । गरिखाने आमश्रमजीवी जनताको स्थास्थ्य, शिक्षा, गाँसवासको ग्यारेन्टी र समाजवादको निर्माण गर्ने वाचा गर्दै भोट मागेको पार्टी आफ्नो सरकारको यो बेथितिमाथि अंकुश लगाई त्यसलाई सही बाटोमा ल्याउन पहल गर्नुको साटो भागबन्डको लडाइँमा व्यस्त छ । वर्तमान सत्ताधारी पार्टी र त्यसको सरकारलाई भ्रष्टको गैंगतन्त्र भनी सम्बोधन गर्नेबाहेक अर्को विशेषण बाँकी रहेन । भ्रष्टाचारमा डुबेको र राजनीतिक संस्कार, चरित्र र नैतिकता गुमाइसकेको सिद्धान्तच्युत पार्टीले देशलाई सुखद लक्ष्यसम्म कदापि पुऱ्याउँन सक्दैन । एउटा कम्युनिस्टका लागि योभन्दा ठूलो विडम्बना के नै हुन सक्छ ?

देशको दुर्भाग्य नै हो विगत सात दशकदेखि यस्तो दुर्भाग्यपूर्ण अवस्था निरन्तर चलिरहेको छ । यसको मूल कारण देशको भौगालिक अवस्था, आर्थिक पछौटेपन, अशिक्षा आदि मात्र होइन, राजनीतिक नेतृत्व हो । विश्वका अनेक देश आ-आफ्नो अवस्थामा यस्तै पछौटेपन पार गर्दै विकसित भएका हुन् । किनकि तिनको राजनीतिक नेतृत्वमा देशको सर्वतोमुखी विकासका लागि स्थिर र दूरगामी दृष्टिकोण, दृढ अठोट, राजनीतिक प्रतिबद्धता, देशप्रेम र देश र जनताप्रतिको उत्तरदायित्व बोध थियो । हामीसँग पनि अनेकौँ कठिनाइ र अभावका बाबजुद यस्तो पछौटेपनको अवस्थालाई पार गर्दै तीव्र आर्थिक-सामाजिक विकास गर्न आवश्यक वातावरण नभएको होइन । तर, दुर्भाग्य देशले जनताप्रति समर्पित दृढनिश्चयी राजनीतिक नेतृत्व कहिल्यै पाएन । यसको अन्त्य गर्न विगत निर्वाचनमा जनताले कम्युनिस्टलाई खुलेर मतदान गरे । स्थानीयदेखि संघीय सरकार एकलौटी रूपमा कम्युनिस्टको हातमा दिए । तर, तीन वर्षको दौरान अवस्थामा सुधार हुनुभन्दा देश झन् अराजक स्थितिमा पुग्यो । यही अवस्था रह्यो भने देश पुनः अर्को द्वन्द्वमा फस्नेछ र यो द्वन्द्व विगतभन्दा बढी जटिल, कष्टकर र अराजक हुनेछ । त्यसैले ठोस योजना र दिशाविहीनताले लक्ष्यमा पुगिँदैन ।

मतदाताले कुनै पनि पार्टीलाई निर्वाचनका दौरान उसले अगाडि सारेको कार्यक्रम, लक्ष्य र नीतिको पक्ष हेरी मतदान गर्छ । स्वाभाविक हो, उसको सरकार बनेमा ती कार्यक्रम जीवन व्यवहारमा लागू हुनेछन् भन्ने आशा लिएको हुन्छ । ती कार्यक्रम र नीतिलाई जीवनमा लागू गर्दै लक्ष्य प्राप्तिको दिशामा अगाडि बढ्नु नै सरकारको नैतिक दायित्व हो । तर, आज यस पार्टीभित्र यी कुनै सम्बन्ध जीवित छैनन् । बल्कि पार्टी र सरकारबीचका सम्बन्धबारे हास्यास्पद विवाद उठाई जनतालाई मूर्ख बनाउने काम गरिँदै छ । पार्टीमा चलिरहेको शक्तिसंघर्षको वर्तमान अवस्थामा पार्टी र सरकारमा आमूल परिवर्तन गरी कम्युनिस्ट मूल्य-मान्यता, नैतिकता तथा लक्ष्यअनुरूप यसलाई पुनः स्थापित गर्नु त्यति सहज छैन । यस अवस्थामा सुधारका लागि पार्टीको पुनर्जन्म हुनुपर्छ । त्यसका लागि स्वार्थमा आधारित गुटबन्दी वा विभाजन होइन, सिद्धान्तनिष्ट तथा लक्ष्यप्रति समर्थित चरित्रवान् कम्युनिस्टबीच ध्रुवीकरणको आवश्यकता छ । तर, यसका लागि सैद्धान्तिक समदृष्टि, पारस्परिक विश्वास र संस्कारको आवश्यता पर्छ । यो गुरुत्तर कार्यभार उठाउने व्यक्तित्व त्यसभित्र जन्मिनुपर्छ, जुन अहिले देखिँदैन । आशा गरौँ, समयले त्यो अवस्था जन्माउनेछ ।

ओली प्रवृत्तिबाट देशलाई बचाऊ

हरेक राजनीतिक परिवर्तनमा मधेशले अतुलनीय योगदान पुऱ्याउँदै आएको छ । तर ओली जस्ता शासक वर्गले सदैव देशलाई प्रतिगमनको दिशामा लगेको छ ।

❖ जितेन्द्र यादव

नेपालमा संबिधान निर्माणको प्रक्रिया लामो समय देखि चल्दै आइरहेको भएतापनि संबिधान अल्पआयूमै मृत हुने गरेको तितो सत्य कसैबाट लुकेको छैन । नेपालको हरेक राजनीतिक व्यवस्था परिवर्तनपूर्व संबिधान बनाइएको छ । ती परिवर्तनहरुमा मधेशले सदैव अग्रगामी भूमिका खेलेको इतिहास छ । र यहाँका शासकले संबिधानलाई दिर्घायू हुन दिएका छैनन् । र देशलाई बन्धक बनाउँदै आएका छन् ।

नेपालमा संबिधानको 'क्रोनोलोजीकल' चर्चा गरौँ । नेपाल सरकारको वैधानिक कानून २००४ एक प्रकारको संविधानको रुपमा राणा प्रधानमन्त्री पद्म शमसेरले ल्याएका थिए । राणा शासनको उत्तरार्धमा आएको यो संबिधानलाई नेपालको पहिलो लिखित संबिधानका रुपमा मानिन्छ ।

त्यसपश्चात् नेपालमा भएको राजनीतिक परिवर्तनलाई आत्मसात गर्न वा संस्थागत गर्न नेपालमा पहिलो पटक आन्तरिक शासन विधान जारी भएको थियो । नेपालको राजनीतिक शक्ति र राजतन्त्रको बीच भारतको रोहबरमा भएको सम्झौताको आधारमा उक्त संबिधान २००७ सालमा राजा त्रिभूवनले जारी गरेका थिए । संबिधानसभाबाट नयाँ संविधान बनाउने भनिएपनि ६ पटक सम्म संशोधन हुँदै झण्डै आठ वर्ष यो संबिधान टिकेको थियो ।

संबिधानसभा बाट २००७ मा संबिधान जारी गरिएको भनिएपनि आयोग मार्फत बनाएको संबिधान २०१५ मा जारी भयो । फेरी तत्कालिन राजा महेन्द्रले २०१७ सालमा संसदीय व्यवस्थाको हत्या गरी राजनीतिक दलहरुमा प्रतिबन्ध मात्र लगाएनन्, अध्यक्षात्मक प्रणालीको पंचायती व्यवस्थाको सुत्रपात गरियो । ऋषिकेश साहको अध्यक्षतामा गठित आयोगको सिफारिसमा २०१९ सालमा महेन्द्र पथको निर्माणका निमित्त अर्को संबिधान जारी गरियो ।

अलोकतान्त्रिक राजा महेन्द्रले दलहरुमाथि लगाएको प्रतिबन्धको बिरुद्ध लोकतन्त्रवादी नेताहरुले चालेको आन्दोलनले सडकबाट राजा महेन्द्रलाई उनको औकात देखाइदिए । पंचायती व्यवस्थाको अन्त्य भयो । नयाँ राजनीतिक परिवेशमा प्रजातान्त्रिक प्रणालीलाई मलजल गर्नको लागि नेपालको संबिधान २०४७ घोषणा गरियो । विश्वनाथ उपाध्यायको संयोजकत्वमा राजनीतिक दल, दरबार र संबिधानविदहरुको सामूहिक प्रयासको उपजको रुपमा ०४७ को संबिधान ल्याइयो ।

तर नारायणहिटीको गद्दीमा सर्वसत्तावादीको अवशेष बाँकी नै थियो । ज्ञानेन्द्र शाहले संबिधानको मर्म बिपरीत जनतामा निहित सत्तालाई आफ्नो हातमा लिए । फलस्वरुप बिद्रोही माओवादी राजाको बिरुद्धमा एक ठाउँमा उभिन थाले । जनआन्दोलनको शंखनाद भयो । र बिद्रोही माओवादी र प्रजातान्त्रिक शक्तिहरुको संयुक्त प्रयासले ज्ञानेन्द्र सत्ताच्यूत भए । २०६३ सालामा अन्तरिम संबिधान जारी भयो । अन्तरिम संबिधान जारी हुनासाथ संबैधानिक व्यवस्था अनुरुप संबिधानसभाबाट नयाँ संबिधान जारी नहुन्जेल अवधिको लागि अन्तरिम संबिधानको आयू तोकियो । २०७२ मा मधेशीको छातीमाथि गोली चलाई नेपालको संबिधान ल्याइयो ।

नेपालमा अहिलेसम्म ल्याइएको संबिधानको क्रोनोलोजी हेर्दा नेपाली जनता नयाँ संबिधान र त्यसमा आफ्नो अधिकार सुरक्षित गराउनको लागि लड्दै आएको इतिहास छ । शासक वर्गले संबिधानको महत्वलाई आफ्नो सत्ता संचालनको संबैधानिक ग्यारेन्टी गरेको बुझिन्छ । नेपालमा अहिलेसम्म राणा कालदेखि नै भएको बिभिन्न आन्दोलनको उत्कर्ष भूमि मधेश रहँदै आएको छ । चाहे त्यो नेपाली कांग्रेसले गरेको राणाबिरुद्धको आन्दोलन, कम्युनिस्टहरुले गरेको झापा बिद्रोह, राजतन्त्र बिरुद्धको आन्दोलन होस् वा गणतन्त्रदेखि संघीयताको मुद्दाका बिजारोपण मधेशले नै गरेको गौरवपूर्ण इतिहास छ । नेपालमा भएको हरेक व्यवस्था परिवर्तनमा मधेशको अतुलनीय योगदान रहेको बिदितै छ ।

पंचायत सुरु हुनुअघि रघुनाथ ठाकुर, रामजी मिश्र लगायतले पनि परिवर्तनको लागि ठूलो योगदान पुर्याएको इतिहास छ तर कतिपय रहस्यपूर्वक मारिए, इतिहासको पानामा बिलय गराइए । बहुदल आएलगत्तै २०४७ बैशाखमा गजेन्द्र नारायण सिंहले पार्टी गठन गर्नुभयो र आफ्नो घोषणापत्रमा पार्टी भाषा, भेषभुषा, संस्कृति एवं भौगोलिक एकरुपताको आधारमा हिमाल पहाड सहित मधेशलाई पनि एक एकाइ मानी स्वायत्त प्रान्त घोषित गर्नुपर्नेमा उहाँले जोड दिनुभयो । यो लडाई निरन्तररुपमा चलिनै रह्यो । माओवादी जनयुद्ध १२ बुँदे सम्झौता र जनआन्दोलन पश्चात अन्तरिम संबिधान ल्याइयो । तर त्यसमा संघीयता शब्द अटाउन सकेको थिएन, एकल नश्लीय शासकहरुले । तर मधेशको क्रान्तिकारी भूमि नेपालमा आफ्नो पहिचान सुनिश्चितत्ताको लागि, राज्यको शक्तिको समानुपातिक वितरण, राज्यको हरेका निकायमा समावेशी र समानुपातिक प्रतिनिधित्वको ग्यारेन्टीको निमित्त २०६३ माघ १ मा जारी अन्तरिम संविधानलाई काठमाण्डौको माइतीघर मण्डलामा जलाएर उपेन्द्र यादवजीले नेपाली नश्लीय सत्तालाई खुला चुनौती मात्र दिनुभएन, अपितु नेपाली राजनीतिको दिशा नै परिवर्तन गर्ने गरी आम मधेशी लगायत सीमान्तकृत समुदायले सडकबाट अन्तरिम संबिधानमा संघीयता शब्द छिराएका थिए । हामीलाई थाहा भएकै कुरा हो कि अहिलेसम्म नेपालमा भएका परिवर्तनहरु सडकबाट मात्र सम्भव भएको छ ।

अर्को ध्यान दिनुपर्ने पक्ष के हो भने मधेशले जहिले पनि सम्पूर्ण देशको कुरा गरेको छ । भूगोल मधेश भएपनि यसले हिमाल र पहाडमा बसोबास गर्ने उत्पीडनमा पारिएका आम सीमान्तकृत समुदायको हक अधिकारको पक्षमा लड्दै आएको छ । तर मधेशी जनता र नेतृत्वलाई नेपालका मुठ्ठीभर शासकहरुले अनागरिक वा अर्धनागरिक सरह व्यवहार गर्दै आएका छन् । मधेशीको करले देश चलाउने यहाँको शासक वर्गले आम मधेशी जनतालाई नागरिकताको सवालमा पिरोल्दै आएका छन् । मधेशलाई अहिले पनि नागरिकताको सवालमा अल्झ्याइएको छ ।

संविधानको आयूले देशको राजनीतिक स्थिरता निर्धारण गर्छ । मुलुक र नागरिकको भविष्यको मापन पनि संबिधान कति टिकाउ हो भन्नेले नै मापन गरेको हुन्छ । संयुक्त राज्य अमेरिकामा सन् १७८७ मा जारी भई १७८९ देखि लागू भएको थियो । अमेरिकी संविधानले दुई सय २६ को यात्रा तय गरिसक्दा पनि जीवितै छ । त्यसको ठिक उल्टो अवस्था नेपालमा छ । सन् १९४७ मा अमेरिकी जनरल मार्कथरले जापानको लागि संबिधान बनाइदिएका थिए, अहिले चल्दै छ । फ्रान्सेली क्रान्तिपछि अन्तरिम संविधान आयो र संबिधानसभाले गणतान्त्रिक संविधान जारी त गऱ्यो तर साथसाथै अस्थिरता पनि आयो । अन्ततः आपसी सहमति र समझदारीमा सन् १९५८ मा फ्रान्सले गणतान्त्रिक संविधान मुलुकले प्राप्त गर्यो, स्थिरतासहित । बाबा साहब अम्बेडकरले बनाएको संबिधान अहिले पनि चल्दैछ ।

नेपालको संविधानको प्रस्तावनामा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था उल्लेख गरिएको छ । त्यसैगरी संविधानको धारा ४ मा नेपाल स्वतन्त्र, अविभाज्य, सार्वभौमसत्ता सम्पन्न संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य हो भनी उल्लेख गरिएको छ । तर ओली सरकारको मन्त्रिपरिषदको बैठकले गरेको निर्णय अनुसार जारी गरिएको सरकारको निर्देशनमा संघीय लोकतान्त्रिक गणतन्त्र नेपाल नलेख्नु भनी आदेश जारी गरेको छ । ओलीको असंबैधानिक कदमको अर्को पाइला हो यो । मधेश आन्दोलनको मर्म माथिको प्रहार हो यो । हरेक परिवर्तनपश्चात् देशलाई अग्रगमनमा धकेल्ने ओली र तिनका सहगोत्रीहरुले देशमा आन्दोलनबाट प्राप्त उपलब्धिमाथि कुठाराघात गरिएको छ । मुलुकलाई फेरी गृहयुद्धमा धकेल्न ओली लागिपरेका छन् । संबिधानको प्रस्तावनामाथि गरिएको प्रहारले लाग्छ कि ओली पक्कै पनि राजतन्त्र निम्त्याउन पनपेटले सुझबुझका साथ योजना तहत असंबैधानिक कदमहरु चालिरहेका छन् ।

माथि उल्लेख गरिए अनुसार नेपालमा हरेक राजनीतिक परिवर्तनमा मधेशले अतुलनीय योगदान पुऱ्याउँदै आएको छ । तर ओली जस्ता शासक वर्गले सदैव देशलाई प्रतिगमनको दिशामा लगेको छ । समय आइसकेको छ । मधेशी लगायत हरेक सीमान्तकृत नेपाली जनता अब ओली मनोवृतिका बिरुद्ध एकढिक्का भई 'व्यवस्था बचाऊ' आन्दोलनको लागि तयार हुनुपर्छ । अबको आन्दोलन वडा स्तरबाट हुनु आवश्यक छ ।

(लेखक यादव जसपा नेपालका नेता हुन् ।)

दमक १० को वडा कार्यालय भवन शिलान्यास

दमक (प्रस) । दमक नगरपालिका वडा नम्बर १० को वडा कार्यालय भवनको शनिवार शिलान्यास गरिएको छ ।

भवनको एक कार्यक्रमका बीच दमक नगर प्रमुख रोमनाथ ओलीले शिलान्यास गरे ।

उनले नगरपालिकाको १० वटा वडाहरु मध्ये चालु आर्थिक वर्षको समपुरक अनुदान अन्तर्गत तीनै तहका सरकारको आर्थिक सहयोगमा ६ वटा वडा कार्यालय भवन निर्माण हुने क्रममा रहेको जानकारी दिए । ती सवै भवनको कुल लगानी रु ३ करोड १९ लाख रहेको छ ।

सार्वजनिक शौचालय र पार्किङसहितको ५ कोठाको एकतले पक्की भवन निर्माण हुने वडाध्यक्ष बोधराज न्यौपानेले जानकारी दिए । भवन निर्माणका लागि स्थानीयले ९ कठ्ठा ६ धुर जग्गा निःशुल्क प्रदान गरेको वडाध्यक्ष न्यौपानेले बताए ।

उहाँका अनुसार भवन निर्माणका लागि स्थानीय वडा सदस्य समेत रहेका बालकृष्ण खनालले १ कठ्ठा १० धुर, गंगा भण्डारीले १ कठ्ठा १२ धुर, तारा भण्डारीले एक कठ्ठा, भक्तिमाया भण्डारीले २ कठ्ठा, रामनाथ खनाल र इन्द्रबहादुर विष्टले १०–१० धुर गरी ७ कठ्ठा चार धुर जग्गा वडा कार्यालयलाई प्रदान गरेका थिए । त्यस्तै होमनाथ भण्डारीको परिवारबाट १ कठ्ठा ४ धुर र स्थानीय सुवेदी परिवारबाट २ कठ्ठा चार धुर जग्गा प्राप्त हुने क्रममा रहेको छ ।

यस वर्ष दमकको २, ३, ४, ८, ९ र १० का वडा कार्यालय भवन बनिने छन् । ती सवै वडा कार्यालयहरुको भवन निर्माणको जिम्मा माङसुवा प्रबिण जेभीले पाएको र समयमै काम सम्पन्न गरिने निर्माण व्यवसायी मोहन अधिकारीले बताए । भवनको काम १६ महिनामा सम्पन्न हुने संझौतामा उल्लेख छ ।

उपाध्यक्ष गिरीको सक्रियताले हल्दिबारी विकासको पथमा

हल्दिबारी (प्रस) । झापामा १५ वटा स्थानीय तह छन् । ८ वटा नगरपालिका र ७ वटा गाउँपालिका । जिल्लाका गाउँपालिकामध्ये विकासको दृष्टिकोणले हल्दिबारी एक नम्बरमा आउँछ । पछिल्लो समय जनप्रतिनिधिहरुबीचमा सामान्य विवाद देखिएपनि यसबाट गाउँपालिकाको समग्र विकासमा खासै असर परेको छैन । विकासको गतिले हल्दिबारीमा निरन्तरता पाइरहेको छ । सम्पूर्ण गाउँपालिकाबासीमाझ विकासका लागि लोकप्रिय बनेका गाउँपालिका उपाध्यक्ष डम्बरबहादुर गिरीको सक्रियताका कारण विगतको तुलनामा हल्दिबारीमा अझ धेरै विकासका योजनाहरु परेका छन् । अहिले हल्दिबारीमा करीव दुई दर्जनभन्दा बढीका ठूला योजनाहरु संचालनमा छन् । गाउँपालिकाको आफ्नै बजेटदेखि लिएर संघ र प्रदेशसम्मका योजनाहरु उपाध्यक्ष गिरीकै पहलमा आएका हुन् । तराई मधेश समृद्धि कार्यक्रम , नेपाल सरकारको समपूरक अनुदानका कार्यक्रमले हल्दिबारीले विकासमा फड्को मार्ने देखिएको छ । खासगरी विकासको मुख्य मेरुदण्ड सडक संजालको विस्तार निकै प्रभावकारी सावित हुने भएको छ । रमाइलो चोकबाट बाघडाँडा हुँदै पाराखोपीबाट बिर्तामोड जोड्ने सडक , पिपल चोकबाट हल्दिबारी मावि हुँदै बिर्तामोड जोड्ने सडक , क्यानरी बोर्डिङबाट धनुषा कन्चनश्री हुँदै हुलाकी जोड्ने सडकजस्ता सडक संजालको निर्माण एकसाथ शुरु गरिएको छ । त्योसँगै लोकतान्त्रिक शहीद स्मृति पार्क ,भेलागुडी सिमसार क्षेत्र ,लक्ष्मी माविको भवन , विपन्न आवास कार्यक्रम , गाउँपालिकाको कार्यालय भवन निर्माणलाई हल्दिबारीको ठूलो योजनाको रुपमा मान्न सकिन्छ । जसको बजेट ल्याउन उपाध्यक्ष गिरीले नै पहल गरेका थिए । विकासको दृष्टिकोणले पछि परेको अबस्थामा हल्दिबारीको समग्र विकासको लागि प्रदेश र संघसँग गुहार मागेर बजेट ल्याउन सफल भएको बताउँदै उपाध्यक्ष गिरीले यसबाट सर्वसाधारण जनतालाई सेवासुविधाका पुग्ने बिश्वास व्यक्त गरे ।उनले यतिबेला संघ र प्रदेशमा नेकपाको सरकार भएकाले आफूलाई भनसुन गर्न सजिलो भएको प्रतिक्रिया दिए । उनले हल्दिबारी गाउँपालिकाका लागि थप बजेट ल्याउन लागेको जानकारी दिए । उपाध्यक्ष गिरीको पहलमा ल्याइएका महत्वपूर्ण योजनाहरु यस्ता छन् ।

पूर्वको आकर्षक पर्यटकीय क्षेत्र भेलागुडी सिमसार

हल्दिबारी गाउँपालिका २ मा रहेको भेलागुडी सिमसार क्षेत्र पूर्वको आकर्षक पर्यटकीय क्षेत्रको रुपमा विकास हुँदैछ । जुन ९६ हेक्टरमा फैलिएको छ । हल्दिबारी गाउँपालिकाले त्यस सिमसार क्षेत्रमा गौरवको आयोजनाको रुपमा भेलागुडी लोकतान्त्रिक शहीद स्मृति पार्क निर्माण गर्न लागेको छ । गाउँपालिकाले दोम्रो गाउँसभाबाट सो आयोजना पारित गरेको थियो । ८ करोड ३९ लाखको इस्टिमेट गरिएको सो आयोजना अन्तर्गत ३ करोडमा सामुदायिक संग्रहालय बनाउने , झोडी सफा गर्ने , तारबेरा गर्ने , बाटो विस्तारको काम हुँदैछ । त्यस्तै बाँकी ६ करोड रुपैयाँले आधार भूत काम गरिदै छ । नजिकैको देउनिया खोलामा तटबन्ध , काठे पुल , पोखरीको तटबन्ध, पोखरीको वरिपरि रिङरोड , सामुदायिक भवन , शौचालय , पानीको फोहरा निर्माणजस्ता काम त्यस बजेटले गरिने भएको हो । आगामी चैत मसान्तभित्र ती सम्पूर्ण योजनाहरु सम्पन्न गर्ने लक्ष्य छ । संघीय सरकारको पर्यटन मन्त्रालयको पर्यटन प्रवर्द्धन साझेदारी कार्यक्रमअन्तर्गत पार्क निर्माण गरिन लागिएको हो । त्यसका लागि शुरुमा १ करोड ३० लाख रुपैयाँ निकासा गरिएको थियो । त्यस्तै प्रदेश सरकारले ५० लाख रुपैयाँ उपलब्ध गराएको थियो । त्योसँगै हल्दिबारी गाउँपालिकाले पनि आफ्नो बजेट त्यसमा लगाएको छ । त्यस्तै हल्दिबारीमा शहादत प्राप्त गर्ने शहीदहरुको सालिक बनाउने र चिल्ड्रेन पार्क निर्माण गर्ने योजना पनि छ । भेलागुडी सिमसार क्षेत्र हल्दिबारीको लागि मात्र नभएर पूर्वकै पर्यटकीय क्षेत्र बन्न लागेको छ । त्यहाँ दैनिक ५ देखि ७ सयसम्म पर्यटक घुम्न आउने गरेको भेलागुडी सामुदायिक वन उपभोक्ता समितिका अध्यक्ष नारायणप्रसाद लुईटेल बताउँछन् । सिमसार १९ हेक्टरमा फैलिएको छ । त्यसमध्ये ३ विगाहमा पोखरी छ । वन समितिले डिपीआर बनाएर सिमसार क्षेत्रको विकास गर्दै आएको छ । कतिपय विकासका काम वन समिति आफैले पनि गरेको छ । समितिले गत वर्ष महोत्सव लगाएको थियो । जसबाट १२ लाख रुपैयाँ आम्दानी भएको थियो । यस वर्ष पनि महोत्सव लगाउने कार्यक्रम राखिएकोमा कोरोना महामारीका कारण प्रभावित भएको अध्यक्ष लुईटेलले बताए । त्यस्तै पोखरीमा गरिएको माछापालनबाट पनि वर्षेनि ५ लाख जति आम्दानी आउने गरेको वन समितिले जनाएको छ ।

लक्ष्मी माविलाई आम्दानीको स्रोत

तराई मधेस समृद्धि कार्यक्रमअन्तर्गत लक्ष्मी मावि हल्दिबारी ३ मा बहुउद्देश्यीय भवन निर्माण गरिएको छ । तराई मधेस समृद्धि कार्यक्रमको ८९ लाख र थप गाउँपालिकाको बजेटबाट सो भवन बनाइएको हो । व्यावसायिक प्रयोजनका लागि बनाइएको त्यस भवनमा १८ वटा सटर रहेका छन् । त्यस भवनमा भखरै जीम हाउस संचालनमा आएको छ । विद्यालयको कम्पाउन्डको रुपमा काम गर्ने गरी सो भवन बनाइएको गाउँपालिकाका प्रवक्ता सागर पोर्तेलले बताए । उनले त्यस भवनमा कृषि बजार विस्तार गर्ने योजना रहेको सुनाए ।

विपन्न परिवारलाई चिटिक्क घर

हल्दिबारीमा गाउँपालिका उपाध्यक्ष गिरीको पहलमा निर्माण गरिएको महत्वपूर्ण योजना हो विपन्न आवास कार्यक्रम । ५९ लाखको बजेटमा राष्ट्रिय एकता प्राविको जग्गामा विपन्नका लागि १३ वटा घर निर्माण गरिएका छन् ।

प्रत्येक पक्की घरमा दुईवटा कोठा र एउटा भान्सा रहेको छ । सबैका लागि एउटै सार्वजनिक शौचालय निर्माण गरिएको छ । गाउँपालिकाभित्रका भूमिहीन सुकुम्बासीहरुलाई ती घर हस्तान्तरण गर्ने योजना छ । दशै तिहारपछि ती घर हस्तान्तरण गर्ने योजना रहेको प्रवक्ता पोर्तेलले बताए । गत वर्ष पनि गाउँपालिकाले सहारा नेपालसँगको सहकार्यमा विपन्न परिवारलाई ३३ वटा घर निर्माण गरिदिएको थियो ।

अब गाउँपालिका कार्यालय आफ्नै सुविधासम्पन्न भवनमा

अहिले भाडाको घरमा रहेको हल्दिबारी गाउँपालिका कार्यालय अब छिट्टै आफ्नै भवनमा सर्ने भएको छ । १ विगाह १२ कठ्ठा जग्गामा ३ करोड ९० लाख ७९ हजार रुपैयाँमा गाउँपालिकाको भवन निर्माण सम्पन्न हुन लागेको हो । गाउँपालिकाको बहुवर्षिय योजनाअन्तर्गत कार्यालय भवन निर्माण भइरहेको हो । भवनको लागि ५ करोड ५१ लाख रुपैयाँको इस्टिमेट गरिएको थियो । २०७६ जेठ १ गते किरातेश्वर कन्स्ट्रक्सनले संझौता गरेर काम थालेको सो योजना आगामी चैत अन्तिममा सम्पन्न गर्ने लक्ष्य रहेको छ । त्यहाँ ८ वटा भवन निर्माण भइरहेका छन् । गाउँपालिका अध्यक्ष , उपाध्यक्षको अलग अलग भवनसँगै प्रमुख प्रशासकीय अधिकृत , शाखा कार्यालय , अतिथि गृह, सभाहललगायतका भवन रहेका छन् ।त्यस्तै हल्दिबारीमा करीव दुई करोडको लागतमा खानेपानी आयोजना निर्माण हुँदैछ । जसबाट जलथल , हल्दिबारी र गोलधापका उपभोक्ताहरु प्रत्यक्ष लाभान्वित हुनेछन् । त्यसबाहेकका साना योजनाहरु पनि निर्माणाधिन छन् । जसको लागि उपाध्यक्ष गिरीले पहल गरेका थिए ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको सन्देश

चाडपर्वको बेला खरीद गर्दा विचार गर्नुपर्ने कुराहरुः

- सकभर अनलाईन सेवाबाट सामग्री खरीद गरौं,
- सामग्री खरीद गर्न घरबाट बाहिर निस्कन परेमा अनिवार्य रुपमा मास्कको सहि तरिकाले प्रयोग गरौं,
- दैनिक उपभोग्य सामानहरु नजिकैको पसलबाट खरीद गरौं, भीड नभएको बेला पारेर जाने गरौं,
- पसलमै गएर किनमेल गर्दा अनिवार्यरुपमा मास्कको सहि तरिकाले प्रयोग गर्नुका साथै भौतिक दुरी कायम गरौं,
- किनमेल गर्नु अघि र गरिसकेपछि साबुन पानीले हात धुने वा स्यानिटाइजरको प्रयोग अनिवार्यरुपमा गरौं,
- किनमेल गरेर घरमा प्रवेश गर्दा राम्रो सँग २० सेकेन्ड सम्म मिचीमिची साबुनपानीले हात धोऔं,
- सम्भव भएसम्म दैनिक उपभोग्य सामग्रीहरु १ हप्ताको लागि पुग्ने गरी किनौं,
- भुक्तानी गर्दा विद्युतीय पद्धतिरकार्डहरु प्रयोग गरेर भुक्तानी गरौं,
- सकभर खुद्रा पैसा लिएर किनमेल गर्न जाऔं,
- बाहिरबाट आएपश्चात कसभर नुहाउने, सम्भव नभए हात, मुख र गोडाहरु राम्रोसँग साबुन पानीले मिचीमिची धोऔं,
- लामो समय र भीडभाडमा बाहिर जाँदा लगाएका कपडाहरु छुट्टै राख्ने र धोए पछि पुनः प्रयोग गर्ने गरौं,
- कामका सिलसिलामा नियमित बाहिर गईरहनु पर्ने व्यक्तिहरु घरमा बस्ने परिवारका सदस्यहरुसँग सकेसम्म न्युनतम भौतिक दुरी कायम गर्ने गरौं,
- आफुले प्रयोग गर्ने सवारी साधनको बढी प्रयोग हुने ठाउँहरु नियमितरुपले क्लोरिन घोल वा स्यानिटाइजरले सफा गरौं,

व्यापारी वर्गहरुमा समेत विशेष अनुरोध

- पसलहरु बिहान सबेरैदेखि अबेरसम्म खुल्ला राखौं, यसले गर्दा सेवाग्राहीहरु फरक फरक समयमा आई खरिद गर्न सक्ने हुँदा भीडभाड कम गर्न मद्दत पुग्नेछ ।
- पसलमा आउने सबै ग्राहकहरुलाई मास्क सहि तरिकाले प्रयोग गर्न, भौतिक दुरी, हातको सरसफाई गर्न प्रोत्साहित गर्ने र सो सम्बन्धि जानकारी सबैले देख्ने ठाउँहरुमा राखौं ।

कोभिड–१९ बाट आफू बचौं र अरुलाई पनि बचाऔं ।

नेपाल सरकार

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

सूचना तथा प्रसारण विभाग

सञ्चारग्राम, काठमाडौं ।

साहित्य चौतारीले सम्झियो महाकवि देवकोटालाई

बिर्तामोड (प्रस) । नेपाली साहित्यका विराट प्रतिभा महाकवि लक्ष्मीप्रसाद देवकोटाको ११२ औं जन्मजयन्ती मनाइएको छ ।

साहित्य चौतारी झापाले महाकवि लक्ष्मीप्रसाद देवकोटाको जन्मजयन्तीको अवसरमा अर्जुनधारा नगरपालिकास्थित शनिश्चरे बजारमा रहेको महाकवि लक्ष्मीप्रसाद देवकोटाको प्रतिमामा माल्यार्पण गरी महाकवि देवकोटाप्रति श्रद्धा प्रकट गरेको हो । साहित्य चौतारी झापाका कोषाध्यक्ष भवानीप्रसाद गौतम , बरिष्ठ सल्लाहकार कृष्ण पौडेल , संस्थापक सल्लाहकार कृष्ण धरावासी , साहित्य चौतारी झापाका सम्मानित व्यक्तित्व कुमार भट्टराई , गायक हरि काफ्ले लगायतले महाकवि देवकोटाको प्रतिमामा माल्यार्पण गरी महाकवि देवकोटाप्रति श्रद्धा प्रकट गरेका थिए ।सोही कार्यक्रममा शनिश्चरे माविका प्रधानाध्यापक चेतामणि खनाल , अर्जुनधारा नगरपालिका शिक्षक महासंघका अध्यक्ष पुण्य सुवेदी , ज्येष्ठ नागरिक मिलन समाजका पदाधिकारीलगायतले महाकवि देवकोटाको प्रतिमामा माल्यार्पण गरी महाकवि देवकोटाप्रति श्रद्धा प्रकट गरेका थिए ।

यस वर्ष कोरोना संक्रमणको त्रासका कारण महाकवि देवकोटाको प्रतिमामा माल्यार्पण गरी महाकवि देवकोटाप्रति श्रद्धा प्रकट गरिएको साहित्य चौतारी झापाका संस्थापक तथा संरक्षक देवीभक्त श्रेष्ठले जानकारी दिए ।

आइसिडी हल्दिबारीको शुभकामना कार्यक्रम

हल्दिबारी (प्रस) । आइसिडी हल्दिबारी गाउँ कमिटीले शुभकामना आदानप्रदान कार्यक्रम सम्पन्न गरेको छ ।

चिल्ड्रेन गार्डेन माविमा तिहार र छठ पर्वको अवसरमा शुभकामना आदानप्रदान कार्यक्रम आयोजना गरिएको थियो ।

आइसिडी १ नं प्रदेश सचिव भीष्म पौडेलको प्रमुख आतिथ्य ,झापा जिल्ला समिति आइसिडी सल्लाहकार दुर्गा धमला , १ नं प्रदेश सदस्य रोशन सुवेदीलगायत प्रदेश , जिल्ला र विभिन्न नगर–गाउँपालिकामा नेतृत्व गर्ने नेतृत्वकर्ता , हल्दिबारी आइसिडी गाउँ कमिटीका पदाधिकारी तथा युवा विद्यार्थीहरुको कार्यक्रममा उपस्थिति रहेको थियो ।

कार्यक्रममा प्रमुख अतिथि पौडेल , अतिथिहरु दुर्गा धमला , रोशन सुवेदी , बलराम गिरी, हेडम्बर निरौलालगायतले बोलेका थिए । आइसिडी हल्दिबारीका अध्यक्ष अभिषेख खतिवडाको अध्यक्षतामा भएको कार्यक्रमको संचालन सचिव विजय राईले गरेका थिए ।

प्रतिदिन

वर्गीकृत विज्ञापन

अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा
PALcreation
bhadrapur road, birtamode
023-590580, 9852671580

INDESIGN BTM
Think Creative
ADVERTISEMENT DESIGN
LOGO | POSTER
BOOK | COVER | BROCHURE
BIRTAMOD | 9807909546

3D BOARD
-2D Board
-Flex Print
-Sticker
Decoration
बिचित्र डिजाईन
दमक–८, पलेटी रेष्टुरेन्टसँगै
९८६२१७८११४, ९८१०१७१६१६

हरि ओम (UPVC) उद्योग
आवास, होटल, अस्पताल र विद्यालयका लागि अति उपयुक्त (UPVC) का झ्याल, ढोका पार्टेशन, रुफिङ, फल्स सिलिङ, स्टिल, रेलिङ लगायत सम्पूर्ण कामका लागि सधै सम्झनुहोस ।
बिर्तामोड-१, झापा
०२३-५४२४६१/९८४२६९८५१४

Rays Design & Print
Creation
{भनेजस्तै डिजाइन}
PH: 023 546 145 | 9816 024 944
Birtamode,Jhapa
E-mail: sendemail2rays@gmail.com
www.raysdesign.com

तपाईकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
९८०६०५८२०८

वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१८

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

राशिफल

मेष : आज मित्र वा आफन्तबाट सहयोग मिल्नेछ । भूमिबाटपनि लाभलिन सकिनेछ ।
वृष : वैदेशिक क्षेत्रबाट सफलता मिल्नेछ । नयाँ अवसर आउनाले मन प्रसन्न रहनेछ ।
मिथुन : धार्मिक महत्त्वको क्षेत्रमा भ्रमण हुनसक्छ । अनुहारमा कान्ति र मनमा शान्ति छाउनेछ।
कर्कट : आज धर्म,कर्म, परोपकार तथा समाजसेवामा मन लाग्नेछ । नयाँ काम वा रोजगारको अवसर मिल्नेछ।
सिंह : आज आकस्मिक लाभ प्राप्त हुने सम्भावना छ । बौद्धिक प्रतिस्पर्धामा विजयी भइनेछ ।
कन्या : आज कठोर परिश्रम गर्नुपर्ने समय छ । अनवास्यक र दैनिक व्यवहारमा खर्च बढ्न सक्छ।
तुला : आज कतै घुम्न जाने योजना बन्न सक्छ । बोलीको भरमा कार्य सम्पादन हुनेछ ।
वृश्चिक : दौडधूप गर्नु परेपनि लाभ नै हुनेछ । रमाइलो यात्राको योग रहेको छ।
धनु : आँटेको काममा सफलता नमिल्न सक्छ । प्रेमी तथा प्रेमिकाको भाषा परिवर्तनले मनमा दुविधा उत्पन्न हुन सक्नेछ।
मकर : परदेशमा रहेका आफन्तजनसँग सम्बन्ध कायम हुनेछ । वैदेशिक कार्य अघी बढ्नेछ ।
कुम्भ : आज विद्या र बुद्धिको विकास हुनेछ । अतिथिको रूपमा सत्कार पाइएला ।
मीन : पुराना मित्रजन सँग भेटघाट हुनेछ ।

प्रतिदिन दैनिकमा विज्ञापन दिन तथा ग्राहक बन्नका लागि हाम्रो ठेगाना- प्रधान कार्यालय : ०२३-५४३८२० । शाखाहरुः इटहरी/विराटनगर : ९८४२०९२४०६, दमक : विष्णु सुब्बा ९८५२६७०१३७, चारआली : ९८४२७०३०१३, धुलाबारी : गोबिन्द घिमिरे ९८१५९५०१५०, भद्रपुर : लोकबहादुर कुँवर ९८४२६८३९९६, अर्जुनधारा : भीम बराल ९८४४६२५३३५